॥

# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं अषाढ ११ गते २०१३ साल

### पब्लिक वर्क्स तथा सञ्चारमन्त्रालयको सूचना

छ. फा. १४।२ सी. ११०३ मिति ०१३।३।१५

नं. २९७०१३

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका शुभ राज्याभिषेकको अवसरमा विभिन्न किसिमका हुलाकी टिकटहरू जारिको मध्ये, मोहर १। एक रुपैयाँको टिकटमा उपत्यका र हिमालयको दृश्य, नेपाल कलापूर्ण घर र मन्दिरहरू तथा बीचमा शाही पोशाक तथा श्रीपेच सहित श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव र दायाँ पट्टि बस्नुभएको श्री ५ बडामहारानी रत्न राज्यलक्ष्मीदेवी शाहको चित्र अंकित भएको र, ।६ पैसे टिकटमा राजछत्रले सुशोभित राज सिंहासनको बीचमा श्री ५ महाराजाधिराजको श्रीपेच तथा दुइ तिर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढाल तरवार अंकीत भएको, दुइ किसिमका टिकटहरु शुभराज्याभिषेकको दिन निकालिसकेको थियो ।

त्यस शुभराज्याभिषेकमा निकालिन नसकिएको निम्नलिखित टिकटहरु श्री ५ महाराजाधिराजको शुभ जन्मोत्सवको दिन अर्थात् २०१३ साल आषाढ २० गते निकालिने भएको छ ।

हनुमानढोकाको दृश्य भएको ।२४ पैसे टिकट

राष्ट्रिय ध्वजायुक्त कलात्मक ढोका र त्यसको बीचमा श्री ५ राजमै बक्सेको हौदासहितको सजिएको दन्तहात्ति तथा त्यस विशाल ढोकाको दुइ तिर मङ्गल सुचक पूर्ण कलशहरु भएको ।८ पैसे टिकट

हिमालयको पृष्ठ भूमिमा कोदाली लिएका किसानदम्पति, वर्कोतिर ट्र्याक्टरहरु, पछाडि साधा ग्रामीण घरहरु भएको ४ ÷ पैसे टिकट

प्रत्येक टिकटमा अंग्रेजी र नेपालीमा श्री ५ महाराजाधिराजको शुभ राज्याभिषेक तथा टिकटका मोल पनि अंकीत छन् ।

आज्ञाले—

सुरेन्द्र शमशेर जङ्गबहादुर राणा,
सेक्रेटरी—पब्लिक वर्क्स तथा सञ्चार मन्त्रालय.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।